नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८०/०४/२५ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रिज्यूहरु, राष्ट्रिय योजना आयोगका पदाधिकारीज्यूहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका प्रमुख सल्लाहकारज्यूलगायत अन्य सल्लाहकारज्यूहरु, नेपाल सरकारका मुख्य सचिवज्यू, सम्माननीय प्रधामन्त्रीज्यूका प्रमुख स्वकीय सचिवज्यू एवं स्वकीय सचिवज्यूहरु, नेपाल राष्ट्र बैंकका गभर्नरज्यू, नेपाल सरकारका सचिवज्यूहरुलगायत अन्य पदाधिकारीहरुको उपस्थितिमा आ.व. २०७९/८० को वार्षिक समीक्षा एवं सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरुबीच आ.व. २०८०/८१ को कार्यसम्पादन सम्झौता गर्ने कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको सञ्चालन गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री गणेश प्रसाद पाण्डेयले आ.व. २०७९/८० को वार्षिक कार्ययोजनाको कार्यन्वयन अवस्था एवम् आ.व. २०८०/८१ को कार्ययोजनासम्बन्धी प्रस्तुति गर्नु भएको थियो ।सो प्रस्तुति उपर छलफलमा भाग लिँदै माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू र नेपाल सरकारका मुख्य सचिवज्यूले महत्वपूर्ण विचार तथा सुझावहरु राख्नुभएको थियो ।सोही अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरुबीच सम्पन्न भएको आ.व. २०८०/८१ को कार्यसम्पादन सम्झौता आदान प्रदान गर्ने कार्य समेत भएको थियो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय प्रधानमन्त्रीज्यूले पदबहालीको सुरुवातदेखि नै विभिन्न समयमा भएको सम्बोधन तथा निर्देशनमा आफूले सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने दृढ संकल्प गरेकोमा यस अवधिमा सुधारका केही सांकेतिक प्रतिबिम्बहरु देखा पर्दै आएको भएतापनि उत्साहजनक र जनअपेक्षित सुधारका लागि अझै थप मेहनत गर्नुपर्ने अवस्था रहेको विचार व्यक्त गर्नु भयो । उहाँले विगतको अनुभवबाट पाठ सिक्न र यस वर्षको कार्ययोजना इमान्दारिताका साथ कार्यन्वयनमा ल्याई कार्यसम्पादन सम्झौतामा उल्लिखित लक्ष्य हासिल गरी जनताको युगौंदेखिको सुशासन, सामाजिक न्याय र समृद्धिको अपेक्षा पुरा गर्न सबैलाई निर्देशन दिनु भयो ।

**२०८० साउन २५ गते, बिहिवार**

**(नारायण प्रसाद भट्ट)**
**प्रवक्ता**

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np